बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुर्झुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्याः- २०८०/०८१
चलानी नं.:- ३३३६

मितिः २०८१/०२/३२

बिषयः कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ करार अवधि थप गर्ने सम्बन्धमा।

श्री करार सेवामा कार्यरत कर्मचारीहरु, सबै

बागमती गाउँपालिका, मकवानपुर।

प्रस्तुत विषयमा नेपाल सरकारबाट जारी भएको **"करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८"** मा भएको व्यवस्था अनुसार यहाँहरुको कार्यसम्पादन स्तर मुल्याङ्कन र नयाँ करार अवधि थप हुने व्यहोरा जानकारीको लागि अनुरोध छ। सोही सन्दर्भमा, यहाँहरु मध्ये आ.व. २०८१/०८२ मा करार अवधि थप गर्न इच्छुकहरुले करार अवधि थप गर्न कार्यालयलाई निवेदन सहित मापदण्डको अनुसूची १ बमोजिमको ढाचाँमा आ.व. २०८०/०८१ को २०८०/०९/०१ गते देखी २०८१/०२/३२ गते सम्मको कार्यसम्पादन मुल्याङ्कन फारम २ (दुई) प्रति भरी मापदण्डको दफा (८) मा भएको व्यवस्था अनुसार असार महिनाको ७ (सात) गते भित्र यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ। साथै, मापदण्डको दफा (१३) को (ख) मा भएको व्यवस्था अनुसार कार्यसम्पादन मुल्याङ्कनका लागि तोकिएको ढाँचाको फारम भरी पेश नगरेमा नयाँ अवधिको लागि करार सम्झौता नगरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

..............................
झक्कनारायण घलान
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री शाखाहरु, सबै।
श्री स्वास्थ्य संस्थाहरु, सबै।
श्री वडा कार्यालयहरु, सबै।
बागमती गाउँपालिका, मकवानपुर।

} मातहतका कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कनका लागि तोकिएको ढाँचाको फारम भर्न सहजिकरण र आवश्यक पृष्ठपोषण गर्नुहुन।

## कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फारम

खण्ड क

विवरण पेश गरेको कार्यालयः ____________________________________

दर्ता नं :________ मितिः २०८१/०३/.......

कर्मचारीको नामः____________________________________________

कर्मचारीको पद, श्रेणी/तहः _____________________________________

मूल्याङ्कन अवधिः ______साल _____महिना _____गते देखि २०८१ साल जेठ महिना ३२ गते सम्म

कार्यालयमा काम सुरु गरेको मितिः २०........./.........../..........

सुपरिवेक्षक समक्ष पेश गरेको मितिः २०........./........./..........

<u>सम्पादित कामको विवरण</u>

| मूल्याङ्कन अवधिमा गरेको मुख्य कामहरु | सूचक बमोजिम काम भए/नभएको |
|---|---|
| क. | |
| ख. | |
| ग. | |
| घ. | |
| ङ. | |

विवरण पेश गर्ने कर्मचारीको दस्तखतः मितिः२०८१/०३/.......

नोटः यो फारम २/२ प्रति भरी सुपरिवेक्षक समक्ष पेश गर्नुपर्नेछ।

एक आर्थिक बर्षमा २ पटक पेश गर्नुपर्नेछ।

साउन १ देखि मंसिर मसान्त सम्मको सम्पादित कामको विवरण पुस ७ गतेभित्र पेश गर्नुपर्नेछ। बाँकी अवधिको सम्पादित कामको विवरण असार ७ गते भित्र पेश गर्नुपर्नेछ।